# काठ/दाउरा लिलाम विक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/१२/०१

यस विद्यालयको हाताभित्र वृक्षरोपण/संरक्षण गरी हुर्काइएका रुखहरू मध्ये जोखिमयुक्त अवस्थामा रहेका रुखहरु नियमानुसार कटान, मुछान, संकलन गरी घाटगद्दीमा राखिएका सिमल, सिसौ र अन्य जात समेतको जम्मा गोलिया थान ११७ को ७५६.३४ घ.फि. काठ र ३.५ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। वन नियमावली, २०७९ को नियम १२८ अनुसारको योग्यता पुगेका उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनसम्म बोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समय भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। पूर्ण व्यहोराको सूचना विद्यालयको वेभ साईटमा समेत प्रकाशित गरिएकोछ। विस्तृत जानकारीको लागि विद्यालयमा सम्पर्क राख्न सकिने छ।

**प्राचार्य**
**गण्डकी बोर्डिङ स्कूल**
(राष्ट्रिय विद्यालय)
पोखरा-१६ लामाचौर, कास्की।